च.न.: ११०६ २०७८/२०७९
मिति : २०७८/०८/२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

बिषय : वार्षिक साधारणसभा सम्पन्न भएको जानकारी सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा यस वित्तीय सस्थाको नवौं वार्षिक साधारणसभा मिति २०७८/०८/२८ गते पोखराको होटल ग्राण्डमा सम्पन्न भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

भवदीय,

Global IME Laghubitta Bittiya Sanstha Ltd.

(हरिकृष्ण जोशी)
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रियस्तर कार्यक्षेत्र भएको वित्तीय संस्था)

(A Subsidary Company of Global IME Bank Ltd.)

केन्द्रीय कार्यालय, पोखरा-२६ विजयपुर, कास्की

फोन नं.०६१-४११४३८/३९

आ.व.२०७७/२०७८

२०७८ मंसिर २८ गते तदनुसार १४ डिसेम्बर, २०२१ का दिन सम्पन्न

# नवौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

१) वैधानिक सभा :

श्री ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ साल मंसिर ३ गते शुक्रबार बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णयानुसार नवौं वार्षिक साधारण सभा आज मिति २०७८/०८/२८ गते मंगलबार कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावलीको नियम १८ बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी तपसिलका विषयहरु उपर छलफल तथा निर्णय भई देहाय बमोजिमका काम कारबाहीहरु सु-सम्पन्न भयो ।

२) नवौं वार्षिक साधारण सभाको मिति, समय र स्थान :

मिति :- २०७८ साल मंसिर २८ गते मंगलबार, ( तदनुसार १४ डिसेम्बर, २०२१)

समय :- बिहानको ठीक १०:०० बजे

स्थान :- होटल पोखरा ग्राण्ड, पोखरा-१७, पार्दी

३) सभाको सूचना :

(क) यस वित्तीय संस्थाको मिति २०७८ साल मंसिर ३ गते मंगलवार बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णयानुसार नवौं वार्षिक साधारण सभा आज मिति २०७८/०८/२८ गते हुने गरी सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सो सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई कारोबार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८ मंसिर ५ र १२ गते प्रकाशित गरिएको ।

(ख) यसका अतिरिक्त वार्षिक साधारण सभा बस्ने सूचनाको साथै संक्षिप्त आर्थिक विवरण पुस्तिका संस्थापन कम्पनी र शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको ।

(ग) साधारण सभामा कम्पनीका वैधानिक लेखापरीक्षक श्री भट्ट एण्ड कम्पनीलाई समेत आमन्त्रण गरिएको ।

(घ) श्री नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरीवेक्षण विभाग, श्री नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरुलाई नवौं वार्षिक साधारण सभामा उपस्थितिको लागि निमन्त्रणा गरिएको ।

## ४) सभामा प्रस्तुत छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु

१. आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु तथा तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. वित्तीय संस्थाको संस्थापक समूह (समूह क) अर्न्तगतको ग्लोबल आइएमई बैंक लि. बाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु

१. सञ्चालक समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको आ.व.२०७७/०७८ आषाढ मसान्तसम्मको वितरण योग्य मुनाफाबाट कूल चुक्ता पूँजी रु.४३,१७,१०,४११।- (अक्षरेपि त्रिचालीस करोड सत्र लाख दस हजार चार सय एघार रुपैयाँ मात्र) को २८ प्रतिशतले हुने बोनस शेयर रकम रु.१२,०८,७८,९१५।- (अक्षरेपि बाह्र करोड आठ लाख अठहत्तर हजार नौ सय पन्ध्र रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने, साथै बोनस शेयर जारी गर्दा दशमलबपछिको शेयर अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत् राख्ने ।

२ . वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ मा भएको पूँजी संरचना सम्बन्धी व्यवस्थाको खण्ड (ख) र (ग) मा भएको कम्पनीको चुक्ता पूँजी तथा जारी पूँजी वृद्धि गर्ने ।

३. वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को खण्ड (ख) को (क) मा भएको सञ्चालकहरुको भत्ता तथा सुविधामा बृद्धि गर्ने ।

४. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई डिजिटल बैंकिङ् सम्बन्धी कार्यहरु गर्न प्रबन्धपत्रको दफा ५ मा खण्ड (न) थप गर्ने ।

५. संस्थाले एक वा एकभन्दा बढी उपयुक्त लघु वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त लघु वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता नियुक्ति गर्ने लगायतका आवश्यक कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा परिमार्जन गर्ने वा फेरबदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरुबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक

संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

५) सभामा उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

| क.सं. | नाम | पद |
|---|---|---|
| १) | श्री बुद्धि अकेला . | अध्यक्ष |
| २) | श्री रुपेन्द्र वाग्ले | सञ्चालक |
| ३) | श्री सुशोभन देवकोटा | सञ्चालक |
| ४) | श्री अनामिका कुँवर | सञ्चालक |
| ५) | श्री मिन प्रसाद ज्ञवाली | सञ्चालक |
| ६) | श्री अनिमेश हलवाई | सञ्चालक |

(ख) आमन्त्रित तथा अन्य पदाधिकारी:

| क.सं. | नाम | पद |
|---|---|---|
| १) | श्री महेश सिलवाल, | संस्थापक प्रतिनिधी, श्री ग्लोवल आइएमई बैंक लि. |

(ग) शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| (क) कूल शेयर संख्या (संख्यामा) | : ४३,१७,१०४ |
| (ख) जम्मा शेयरधनी (संख्यामा) | : ५०,३३९ (भौतिक र अभौतिक समेत) |
| (ग) जम्मा शेयरधनीको प्रतिनिधित्व (संख्यामा) | : २७ |
| स्वयं उपस्थित | : २७ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित | : ० |
| (घ) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | : २५,२१,७१२ |
| (ङ) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | : ५८.४१ % |
| शेयरधनीहरु स्वयं | : ५८.४१ % |
| प्रोक्सी मार्फत | : ०.०० % |

(६) सभाको गणपुरक संख्या :

| | |
|---|---|
| (क) कूल शेयर संख्या (संख्यामा) | : ४३,१७,१०४ |
| (ख) जम्मा शेयरधनी (संख्यामा) | : ५०,३३९ (भौतिक र अभौतिक समेत) |
| (ग) जम्मा शेयरधनीको प्रतिनिधित्व (संख्यामा) | : २७ |
| स्वयं उपस्थित | : २७ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित | : ० |
| (घ) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | : २५,२१,७१२ |

(ङ) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) : ५८.४१ %
शेयरधनीहरु स्वयं : ५८.४१ %
प्रोक्सी मार्फत : ०.०० %

(७) सभाको वैधानिकता :

कम्पनी सचिवद्वारा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा नियमालीको नियम १८ को उपनियम ३ बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम २३ मा उल्लेख भए बमोजिम ५० प्रतिशतभन्दा बढीको प्रतिनिधित्व पुगेको हुँदा सभा सञ्चालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनीहरुमा अवगत गराएपछि सभाको कार्यक्रम बिहान १०:०० बजे सुरु भयो ।

(८) सभाको कारबाही तथा सभापतित्व :

कम्पनी ऐन, २०६३ को नियम ७४ (१) र यस वित्तीय संस्थाको नियमावली, २०६९ को नियम १९ (१) मा व्यवस्था भए बमोजिम कम्पनी सचिवद्वारा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको व्यहोरा सहित यस संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूलाई सभाको अध्यक्षता गर्न अनुरोध गर्नु भएपछि समितिका अध्यक्ष ज्यूले सभापतित्वको आसन ग्रहण गर्नुभयो भने सभामा सञ्चालक, आमन्त्रित अतिथि लगायतलाई कम्पनी सचिवले आसनग्रहण गर्नको लागि अनुरोध गरे बमोजिम अतिथि ज्यूहरुले आसन ग्रहण गर्नुभयो ।

(९) स्वागत मन्तव्य:

कम्पनीका सञ्चालक श्री रुपेन्द्र वाग्लेले स्वागत मन्तव्य दिनुभयो । स्वागत मन्तव्य अन्तर्गत संस्था स्थापनाकालको ९ आर्थिक बर्ष पूरा गरेको यस लघुवित्त संस्थाले छोटो समयमा नै उल्लेख्य प्रगति हासिल गरेको यथार्थ तथ्याङ्कहरु प्रस्तुत गर्दै सदस्यहरुको जीवनस्तर बृद्धि नै यस लघुवित्त संस्थाको प्रमुख ध्येय रहेको बताउनु भयो । वित्तीय पँहुचभन्दा बाहिर रहेका विपन्न तथा न्यून आय भएका समूदायका लागि वित्तीय पँहुच पु-याउनका लागि लघुवित्त एक प्रभावकारी औजार रहेको र यसले ग्रामीण क्षेत्रमा वित्तीय पँहुचमा बृद्धि गरी स्वस्थ वित्तीय प्रतिस्पर्धाबाट आर्थिक क्रियाकलापमा बृद्धि गर्ने, सामाजिक समावेशीकरण गर्ने, सदस्यको जीविकोपार्जनमा टेवा पु-याई जीवनस्तर उठाउने तथा लघुउद्यम तथा लघु व्यवसायको विकास र विस्तारवाट उत्पादन बृद्धि गर्ने कार्यमा लघुवित्तीय संस्थाहरुको उल्लेखनीय भूमिका रहेको बताउनु भयो । साथै लघुवित्तीय कार्यक्रमलाई नयाँ सूचना प्रविधि सहित आगामी दिनमा अझ उत्कृष्ट वित्तीय सेवाहरु उपलब्ध गराई कार्यक्रम सञ्चालनमा जोड दिइने व्यहोरा सभामा जानकारी गराउनु भयो ।

(१०) सभाको उद्घाटन:

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नुभयो ।

(११) अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुति :

सभाका सभापति श्री बुद्धि अकेला ज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तत्पश्चात् सो प्रतिवेदन उपर छलफलका लागि सभामा उपस्थित शेयरधनीहरुबाट जिज्ञासा तथा सुझावहरुको लागि आह्वान गर्नुभयो ।

(१२) छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरुको जिज्ञासा एवं सुझाव तथा जवाफ :

कम्पनी सचिवबाट सभाका सभाध्यक्ष ज्यूलाई वार्षिक प्रतिवेदन पेश गर्न अनुरोध गरे बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेलाज्यूले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्नुभएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो र तपसिल बमोजिमका शेयरधनिहरुले आफ्ना प्रतिक्रिया तथा सूझाब प्रदान गर्न भयो ।

(क) सर्वसाधारण शेयरधनी श्री श्रीराम गौतमले साधारण सभाको जानकारी एसएमएस मार्फत पनि व्यबस्थ) गर्न, लेखापरीक्षकको नियुक्ति, मर्जर तथा प्राप्ति सम्बन्धि संस्थाको धारणा, वित्तीय संस्थाको सञ्चालन खर्चमा भएको बृद्धि तथा सामाजिक उत्तरदायित्व कोषको रकम विद्यालय, हस्पिटल तथा विभिन्न सामजिक क्षेत्रमा वितरण गर्न सकेमा संस्थाको नाम फैलने र व्यवसाय विस्तारमा सहयोग पुग्ने सम्बन्धमा आफ्ना धारणाहरु राख्नभयो साथै संस्थाले नाफाबाट दिएको २८ प्रतिशत बोनर लाभांश अनपेक्षित रुपमा राम्रो भएको र आगामी दिनमा अझै राम्रो प्रतिफल शेयरधनीहरुबाट अपेक्षा गरिएको जिज्ञासा प्रस्तुत गर्नुभयो र अध्यक्ष ज्यूले निज गौतमले उठाउन भएका जिज्ञासा तथा सुझाबहरुलाई आगामी दिनमा मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

(ख) त्यस्तै गरी सर्वसाधारण शेयरधनी श्री हरिकृष्ण वाग्लेले बार्षिक प्रतिवेदन शेयरधनीहरुलाई भौतिक रुपमा २/४ दिन अगाडि उपलब्ध गराउने व्यवस्था गर्न, व्यावसाय विस्तारमा पूँजी बृद्धिमा संस्थाको धारणा, लघुवित्त संस्थामा देखिएको कर्जाको दोहोरोपना जस्ता बिषयहरु प्रस्तुत गर्नुभएकोमा अध्यक्षज्यूले उक्त बिषय उपर संस्थाको धारणा तथा आगामी कार्यदिशा सम्बन्धमा प्रकाश पार्नु भयो साथै तथा अन्य सुझाबहरुलाइ आगामी दिनमा मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

(ग) त्यस्तै अल्फा क्यापिटलको प्रतिनिधि श्री एनी ताम्राकारले नेपाल राष्ट्र बैंकले ल्याएको क्रसहोल्ड मर्जर नीतिले यस वित्तीय संस्थालाई कस्तो असर पर्छ र मर्जर एक्विजिसनमा आगामी रणनीति कस्तो रहनेछ भन्ने जिज्ञाशामा अध्यक्ष ज्यूले यस वित्तीय संस्था आफ्नो अस्तित्व कायम राख्दै नेपाल राष्ट्र बैंकको मर्जर तथा एक्विजिसन निती लाई आत्मसात गर्दै संस्थाको हितउपर समय सापेक्ष रुपमा उपयुक्त निर्णय लिई अघि बढ्ने व्यहोरा जानकारी गराउनु भयो ।



Global IME Lagh... ...tha Ltd.

(१३) प्रस्ताव र सभाको निर्णय :

तत्पश्चात् छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि अध्यक्ष ज्यूबाट कम्पनी सचिवलाई प्रस्ताव गर्न जिम्मेवारी दिए बमोजिम कम्पनी सचिवबाट प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय पारित गरियो ।

(१४) सामान्य प्रस्तावको निर्णयहरु :

१. **आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/७८ को आषाढ मसान्तसम्मको वासलात, सो आ.ब. को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटिमा भएको परिवर्तन तथा सोही अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु त्था तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७८ को आषाढ मसान्तसम्मको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/७८ को आषाढ मसान्तको वासलात तथा मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण सहितको अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

३. **कम्पनीको आ.ब.२०७७/०७८ को लागि लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने (लेखापरीक्षक एन .ए. आर.एस एसोसिएट्स एण्ड कम्पनी चाटर्ट एकाउन्टेण्टलाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्त हुन योग्य हुनुहुनेछ) र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

वित्तीय संस्थाको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभाले आर्थिक बर्ष २०७७/०७८ का लागि कम्पनी ऐन २०६३, को दफा १६५ को खण्ड (घ) बमोजिम, यस वित्तीय संस्थाको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट रिपोर्ट तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणीकरण सहितको कार्यका लागि **एन. ए. आर. एस एसोसिएट्स एण्ड चार्टड एकाउनटेन्ट्स** लाई पारिश्रमिक बापत भ्याट बाहेक रु.१,६५,०००।-(अक्षरेपि एक लाख पैंसाठ्ठी हजार मात्र) र यातायात वास्तविक बिल भरपाई अनुसार तथा खाजा, खाना तथा बसाई खर्च बापत प्रतिव्यक्ति रु.२,५००।-(अक्षरेपि दुई हजार पाँच सय रुपैयाँ मात्र) दैनिक भत्ता प्रतिदिनका दरले पाउने गरी नियुक्ति गर्ने निर्णय गरेकोमा सोलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. **वित्तीय संस्थापक समूह (समूह क) अन्तर्गतको ग्लोबल आइएमई बैंकबाट प्रतिनिधित्व गर्ने संचालकहरु सम्बन्धमा**

यस वित्तीय संस्थाको संस्थागत संस्थापक तथा प्रबर्द्धक कम्पनी श्री ग्लोबल आइएमई बैंकको मिति २०७८/०८/१५ मा प्राप्त पत्र अनुसार हाल बैंकको तर्फबाट प्रतिनिधित्व गरिरहेका देहाय बमोजिमका सञ्चालकहरुलाई नै निरन्तरता दिने निर्णय भई आएको हुँदा सोलाई यस साधारण सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

१) श्री बुद्धि अकेला
२) श्री रुपेन्द्र वाग्ले
३) श्री सुशोभन देवकोटा
४) श्री अनामिका कुँवर

(ख) विशेष प्रस्तावको निर्णयहरु :

१. **सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०७७/७८ आषाढ मसान्तमा वितरण योग्य मुनाफाबाट कूल चुक्ता पूँजी रु.४३,१७,१०,४११।- (अक्षरेपि त्रिचालीस करोड सत्र लाख दस हजार चार सय एघार मात्र) को २८ प्रतिशतले हुने बोनस शेयर अर्थात रु.१२,०८,७८,९१५।- (अक्षरेपि बाह्र करोड आठ लाख अठहत्तर हजार नौ सय पन्ध्र मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

सञ्चालक समितिले सिफारिस गरे बमोजिम यस संस्थाको आ.व. २०७७/७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.४३,१७,१०,४११।- (अक्षरेपि त्रिचालीस करोड सत्र लाख दस हजार चार सय एघार मात्र) को २८ प्रतिशतले हुने बोनस शेयर अर्थात रु.१२,०८,७८,९१५।- (अक्षेरुपी बाह्र करोड आठ लाख अठहत्तर हजार नौ सय पन्ध्र मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो । यसरी बोनस शेयर प्रदान गर्दा रहन आउने शेष भिन्न अंक (फ्रयाक्सन) लाई भविष्यमा प्रदान गर्ने बोनस शेयरमा समायोजन गर्ने निर्णय गरियो ।

२. **कम्पनीको चुक्ता पूँजी तथा जारी पूँजी बृद्धि गर्ने ।**

बोनस शेयर वितरणपछि कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा देहाय बमोजिम हुने गरी संशोधन गर्न निणयार्थ पेश भएकोमा सोलाई यस साधारण सभाले सर्वसम्मतिबाट पारित गरियो ।

(ख) लघुवित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु ५५,२५,८९,३२६।०० (अक्षरेपि पचपन्न करोड पच्चीस लाख उनानब्बे हजार तीन सय छब्बीस) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु १०० दरका ५५,२५,८९३।२६ (पचपन्न लाख पच्चीस हजार आठ सय त्रियानब्बे दशमलब दुई छ) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघुवित्त वित्तीय संस्थाको चुक्ता शेयर पूँजी रु ५५,२५,८९,३२६।०० (अक्षरेपि पचपन्न करोड पच्चीस लाख उनानब्बे हजार तीन सय छब्बीस) हुनेछ । सो पूँजीलाई प्रतिशेयर

रु.१०० दरका ५५,२५,८९३।२६ (पचपन्न लाख पच्चीस हजार आठ सय त्रियानब्बे दशमलव दुई छ) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३. **सञ्चालकहरुको भत्ता तथा सुविधा बृद्धि गर्ने ।**

सञ्चालक समितिको सिफारिस वमोजिम नियमावलीको नियम (३२) उपनियम (१) (ख) मा भएको व्यवस्था सम्वन्धमा संस्थाको कार्यक्षेत्र राष्ट्रियस्तर भएको र कार्य जिम्मेवारी बढेकाले समय सापेक्ष बैठक भत्ता बृद्धि गर्न आवश्यक देखिएकोले सञ्चालक समितिमा उपस्थित भए वापत निम्न बमोजिम बैठक भत्ता वृद्धि गर्ने प्रस्तावलाई निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

नियमावलीको नियम ३२ को १. (ख) को (क)

सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने भत्ता तपसिल बमोजिम हुनेछ ।

क. प्रति बैठक भत्ता :

अध्यक्ष रु.१०,०००।-

सञ्चालक रु.९,०००।-

४. **संस्थाले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्न प्रबन्धपत्रको दफा ५ मा खण्ड (न) थप गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई डिजिटल बैंकिङ् सम्वन्धी कार्यहरु गर्न प्रवन्धपत्रको दफा ५ मा खण्ड (न) थप गर्ने गरी सञ्चालक समितिबाट प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट देहाय बमोजिम हुने गरी सर्वसम्मतिले परित गरियो ।

**प्रबन्धपत्रको दफा ५ (न)**

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई डिजिटल/इलेक्ट्रोनिक बैंकिङ् सम्बन्धी कार्यहरु गर्ने ।

५. **संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोका आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याँकन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता नियुक्ति गर्ने लगायतका आवश्यक कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याँकन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता नियुक्ति गर्ने लगायतका आवश्यक कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।



Global IME Laghubitta

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा फेरबदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरुबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

सञ्चालक समितिले सभामा संशोधनका लागि प्रस्तावित बोनस शेयरबाट जारी पूँजी र चुक्ता पूँजी बृद्धि तथा सञ्चालक समितिको भत्ता तथा सुविधा बृद्धिबाट नियमावलीका सम्वद्ध नियमहरु संशोधन गर्ने क्रममा नियामक निकायहरुले कुनै निर्देशन दिएमा आवश्यकता अनुसार प्रबन्धपत्र/नियमावलीमा परिवर्तन गर्न वा थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्तावलाई निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*(ग) <u>विविध विषयका निर्णयहरु :</u>* विविध विषयमा कुनै छलफलका विषयहरु नरहेको ।

**१५. धन्यवाद ज्ञापन र सभा विसर्जन :**

अध्यक्ष श्री बुद्धि अकेला ज्यूले ग्रामीण दुरदराजमा रहेका विपन्न तथा न्यून आय भएका समूदायमा वित्तीय पहुँच पुऱ्याउनका लागि लघुवित्त कार्यक्रम एक प्रभावकरी माध्यम बनेको जानकारी गराउनु भयो । लघुवित्त कार्यक्रमको माध्यमबाट ग्रामीण क्षेत्रमा वित्तीय पहुँचमा बृद्धि गरी बैंकिङ्ग अवसरहरु उपलब्ध गरी स्वस्थ वित्तीय प्रतिस्पर्धाबाट आर्थिक क्रियाकलापमा बृद्धि गर्ने, सदस्यको जीविकोपार्जनमा टेवा पुऱ्याई जीवनस्तर उकास्ने तथा लघुउद्यम तथा लघु व्यवसायको विकास र विस्तारबाट स्वरोजगारीमा वृद्धि भई उत्पादकत्व बृद्धि हुन जाने भएकोले लघुवित्तीय संस्थाहरुको भूमिका महत्वपूर्ण रहँदै आएको बताउनु भयो । अन्तमा सभामा सहभागी हुनु भई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गरी सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव र अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, सिडिएस एण्ड क्लियरिङ्ग लि., संस्थाको शेयर रजिष्ट्रार लगायतका नियमन निकायहरु, आदरणीय ग्राहक सदस्य वर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै, वित्तीय संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशील कर्मचारी वर्गलाई हार्दिक धन्यवाद दिनुभयो ।

त्यसपछि छलफल गर्नुपर्ने विषय बाँकी नभएको हुँदा अध्यक्ष ज्यूले साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै बिहान ११:३० बजे सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| हरिकृष्ण जोशी | बुद्धि अकेला |
| कम्पनी सचिव | अध्यक्ष |